# आर्थिक बर्ष २०७७।०७८ को

# निति, कार्यक्रम तथा बजेट ।

## छबिसपाथिभेरा गाउंपालिका

## बझाङ, जिल्ला

### सुदूरपश्चिम प्रदेश नेपाल

### २०७७।३।१०

**<u>सम्बोधन</u>**

गाउँ सभाका अध्यक्ष ज्यू
गाउँ सभाका सदस्य ज्यूहरु
प्रमुख अतिथि ज्यू
विशिष्ट अतिथि ज्यूहरु लगायत अन्य अतिथि गणहरु

छविसपाथिरा गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँ सभामा आगामी आर्थिक बर्ष २०७७/०७८ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन व्यवस्था स्थापना गर्नका लागि जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण हार्दिक सर्द्धान्जलि व्यक्त गर्दछु । जनआन्दोलनका घाइते तथा वेपत्ता नागरिकहरुको सम्मान गर्दै राजनीतिक परिवर्तनका लागि युगान्तकारी नेतृत्व निर्वाह गर्ने राजनीतिक अग्रज शिखर व्यक्तित्व प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

# खण्ड -१

# परिचय र समिक्षा

## १.१ पृष्ठभूमि

नेपालको संविधान जारी भइ संविधान अनुसार संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको सरकारको व्यवस्था भइ स्थानीय तहको निर्वाचन सम्पन्न भएको ३ वर्ष पुरा भएको छ । यस अवधिमा संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिकार प्रयोग गरी यस छविसपाथिभेरा गाउँपालिकामा स्थानीय शासन संचालनको अभ्यास भइ रहेको छ ।

स्थानीय तहले आफ्नो वजेट प्रत्येक वर्षको असार १० गते भित्र गाउँ सभामा पेश गर्नुपर्ने कानुनी प्रावधान रहेको हुदा नीति कार्यक्रम तथा वजेट पेश गर्न अनुमति चाहन्छु ।

## १.२ <u>चालु आ.व.को नीति तथा कार्यक्रमको समिक्षा :</u>

चालु आ.व. २०७६।०७७ मा राजश्व वाडफाड तर्फ रु ६ करोड ३३ लाख ४८ हजार शंशोधन गरिएकोमा जेठ मसान्त सम्म रु ३ करोड ४ लाख २६ हजार ८ सय २४ खर्च भएको छ । शर्शत तर्फ रु १९ करोड २० लाख शंशोधन गरिएकोमा जेष्ठ मसान्त सम्म रु २६ करोड ४८ लाख ५ हजार १ सय ८१ प्राप्त भई आर्थिक वर्षको जेठ मसान्त सम्म रु १७ करोड ७० लाख ४४ हजार ८६ पैसा ७६ खर्च भई ६७ प्रतिशत प्रगति भएको छ । समानिकरण अनुदान तर्फ रु १० करोड ६४ लाख ७६ हजार शंसोधित अनुमान रहेकोमा जेठ मसान्त सम्म १० करोड ६३ लाख ९६ हजार प्राप्त भई जेठ मसान्त सम्ममा रु ५ करोड ४३ लाख ७३ हजार ५ सय ५४ खर्च भई ५२ प्रतिशत प्रगति रहेको छ । अधिकांस योजनाहरु कार्य सम्पन्नको अन्तिम चरणमा रहेकाले भुक्तानी हुन वाकी भई न्यून प्रगति देखिएता पनि आ.व.को अन्त्य सम्ममा पुजिगत खर्च ८५ प्रतिशत भन्दा वढी हुने अनुमान गरिएको छ । आन्तरिक आय तर्फ १७ लाख १० हजार अनुमान गरिएकोमा आ.व.को जेठ मसान्त सम्म रु ७ लाख ७२ हजार ५ सय ३५ आम्दानी भई ४५ प्रतिशत प्रगति भएको छ । घरजग्गा रजिष्ट्रेसन वापत प्राप्त हुने राजस्व हाल सम्म प्राप्त भएको छैन । सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु ६ करोड  शंशोधित गरिएकोमा रु ५ करोड ९२ लाख २५ हजार प्राप्त भई दोस्रो चौमासिक अवधि सम्म रु ४ करोड ६ लाख ५८ हजार ४ सय खर्च भएको छ ।

आ.व. ०७६।०७७ मा लिएका नीति तथा कार्यक्रम अनुरुप केहि नीतिहरु कार्यान्वयन भइ सकेका छन भने केहि नीतिहरु कार्यान्वयनको क्रममा रहेका छन ।

- **कृषि तर्फ :-** उन्नत जातको ३० कुइन्टल विउको खरिद गरी वार्ड नं. १,४ र ५ मा वितरण भएको छ । ओखर र स्याउँ जस्ता हिउदे फलफुलका वोट विरुवाहरु खरिद गरी गाउँपालिका भरी वितरण भएको छ । अनुदानमा १०० कुइन्टल मल ढुवानी गरी कृषकहरुलाइ उपलब्ध गराइएको छ । सिमी, हातेट्याक्टर, पलाष्टिक टनेल, विषादी तथा सिंचाइका लागि पाइप खरिद गरी किसानहरुलाई वितरण गरिएको छ । मेलका वोटहरुमा नास्पाति कलमी गर्ने कार्य भएको छ ।
- **पशु सेवा तर्फ :-** पशुजन्य रोगहरु निराकरणका लागि औषधी खरिद गरी पशुहरुमा खोप सेवा तथा उपचार तिव्रताका रुपमा अगाडी वढेको छ ।
- **शिक्षा तर्फ :-** आन्तरिक शैक्षिक भ्रमण, आन्तरिक स्कुल भिजिट कार्यक्रम संचालन र परिक्षामा एकरुपताका लागि मर्यादित अर्धवार्षिक परिक्षा र वार्षिक परिक्षा गा.पा. स्तरीय भइ शैक्षिक गुणस्तरमा वृद्धि गर्ने कार्य भएको, विध्यार्थिको अतिरिक्त क्रियाकलापहरुमा टेवा पुर्याउने खालका विभिन्न किसिमका कार्यक्रम गर्नुको साथै अध्यक्ष कप प्रत्योगिता सम्पन्न भएको छ । माध्यमिक विध्यालयहरुमा विध्यार्थिहरुको लागि ट्युसन कक्षा संचालन गरि सम्पन्न गरिएको छ ।
- **स्वास्थ्य तर्फ :-** वडा नं. ३, ४,५,६,७ मा जिल्ला स्वास्थ्य कार्यालय वझाङको प्राविधक सहयोगमा गाउँपालिकावाट औषधी उपलब्ध गराइ जनरल स्वास्थ्य शिविर संचालन भइ १२६० जना लाभान्वित भएका छन । मटेला, जयपृथ्वीनगर, **कडेल** र लेकगाउँ स्वास्थ्य चौकीमा ग्रामीण अल्ट्रासाउण्ड सहितको घुम्ती शिविर संचालन भएको छ । ७ वटै स्वास्थ्य संस्थामा औषधी उपलब्ध गराइएको छ । १३ वटा खोप केन्द्रहरुमा नियमित रुपमा खोप शिविर चलाइएको छ । सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्न कोटचौघानपाटा स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी १ जना नर्स कर्मचारीलाई तालिम उपलब्ध गराइ मेसिन ल्याइ महिलाहरुको नियमित रुपमा भिडियोवाट गर्भजाँच गर्ने कार्य भएको छ । ७ वटै वर्थिङसेन्टरवाट २४ घण्टे सेवा संचालन हुने गरी व्यवस्था मिलाइएको छ । दीर्घ रोगीहरुलाई वार्षिक १० हजार रुपैया उपलब्ध गराइएको छ । विश्वब्यापी महामारीको रुपमा फैलिरहेको COVID-19 को रोकथाम तथा नियन्त्रणको लागि केन्द्र, प्रदेश र संघ सस्थावाट वजेट प्राप्त भइ राहत वितरण तथा औषधी, उपकरण खरिद गरिनुको साथै ७ वटै वडाका विभिन्न विध्यालयहरुमा क्वारेनटाइनको व्यवस्था गरिएको छ । त्यसै गरी वडा नं. ५ को

थलारामा आयुर्वेद शिविर संचालन भएको छ । आयुर्वेद औषधीहरु खरिद गरी निशुल्क रुपमा जनतामा सेवा प्रवाह् भएको छ ।

- **पूर्वाधार तर्फ** :- झुतेरा दान्ना शाखा सडकको ६ कि.मी निर्माण कार्य सम्पन्न भएको छ । वडा नं. ६ र ७ को व्यासी विसौना सडक खण्डमा १० कि.मी. सडक निर्माण कार्य सम्पन्न भएको छ । वडा नं. ४ र ७ मा आधारभुत स्वास्थ्य इकाइ केन्द्रको भवन निर्माण को कार्य सम्पन भएको छ । वडा नं. ५ को थलारा र वडा नं. १ को काप्रीगाउँमा सामुदायिक स्वास्थ्य इकाइ केन्द्रको भवन निर्माण कार्य सम्पन्न भइ सेवा संचालन भएको छ । वडा नं. १ को एकिकृत कृषि फाराम र सुगालाको कृषि फाराम, वडा नं. २ को केन्द्रिय विधुत प्रसारण लाइनको जडान कार्य, वडा नं. ३ को आधारभुत स्वास्थ्य केन्द्रको भवन, वडा नं. ३, ५,७ को वडा कार्यालयको भवन निर्माण कार्य र गाउँपालिकाको शैक्षिक समाग्री अध्ययन भवनको निर्माण कार्य कार्यान्वयनको चरणमा रहेको छ, यसैगरी जयपृथ्वीनगर चुलीटीका कुमडा पर्यटकीय सडकको निर्माण कार्य कार्यान्वयनको चरणमा रहेको छ ।

समग्रमा सामाजिक, आर्थिक, पूर्वाधार, विपद व्यवस्थापन, शुसासन तथा संस्थागत विकास, लक्षित वर्गका लागि छुट्याइएको वजेट र शर्शत अनुदानमा प्राप्त रकम कार्यान्वयन भएको छ ।

**अध्यक्ष मोहदय**

अव म आर्थिक वर्ष २०७७|०७८ को लक्ष्य, उदश्ये, र क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## <u>आ.व. ०७७|०७८ को नीति तथा कार्यक्रम</u>

### लक्ष्य

छविसपाथिभेरा गाउँपालिकामा कोरोना को संक्रमणलाई नियन्त्रण गरी भौतिक पूर्वाधार सहित आर्थिक, समाजिक विकास गरी समृद् गाउँपालिका र सुखि गाउँवासी वनाउने लक्ष्य लिईएको छ ।

### उद्श्ये

१. विभिन्न संक्रामक रोग लगायत सवै प्रकारका रोग र विपदवाट गाउँवासीको जीवन रक्षा गर्दै स्थानीय जनजीवनलाइ सहज र सुरक्षित वनाउने ।

२. आधारभुत स्वास्थ्य सेवा आधारभुत शिक्षालाई गुणस्तरीय वनाइ स्वास्थ्य तथा शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने
३. कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण गरी स्वरोजगार सृजना गर्ने ।
४. गाउँपालिका भित्र सडक यातायात लगायत भौतिक पूर्वाधारको विकास गरी जनताको जीवनस्तर सहज वनाउने ।
५. उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गरी विकास को गतिलाइ निरन्तरता दिने ।
६. सार्वजनिक सेवालाइ प्रभावकारी वनाइ जनतालाई सुशासनको प्रत्याभुति दिने ।
७. लक्षित वर्गको क्षमता अभिवृद्धि गरी लैंगिक तथा सामाजिक समावेसीकरणको विकास गर्ने ।

**प्राथमिकरण**

१. स्वास्थ्य (प्रकोप व्यवस्थापन) सरसफाइ र शिक्षा
२. कृषि तथा पशुपालन क्षेत्रको विकास तथा विस्तार
३. सडक तथा यातायात
४. वनवातावरण तथा विपद व्यवस्थापन
५. प्रभावकारी सेवा प्रभाह र सुशासनमा जोड

**आधारहरु**

- ✓ नेपालको संविधान २०७२
- ✓ स्थानीय सरकार संचालन ऐन, २०७४
- ✓ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४
- ✓ राष्ट्रय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
- ✓ संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापडण्डहरु
- ✓ संघीय सरकारको आ.व. ०७७-०७८ को वजेट वक्तव्य
- ✓ स्थानीय तहको वार्षिक योजना तथा वजेट दिगदर्शन २०७४
- ✓ पन्ध्रौ योजना को आधारपत्र
- ✓ दिगो विकास का लक्ष्य
- ✓ उपलब्ध स्रोत तथा साधनहरु
- ✓ जनताका माग तथा आवश्यकताहरु

**दिर्घकालिन नीतिहरु**

- ✓ गाउँपालिका क्षेत्र भित्र वसपार्क सडक वत्ती , कवडहल, फराकिलो खेलमैदान, हाटवजार, वृद्धाआश्रम जस्ता क्षेत्रहरुको पहिचान गरी प्राथमिकताको आधारमा योजना वनाइ कार्यान्वयनमा ल्याइने छ ।
- ✓ गाउँपालिकाका सम्पूर्ण वस्तीहरुमा सडक खण्ड निर्माण गरी गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुको यातायातमा सहजता ल्याउने ।
- ✓ गाउँपालिकालाइ अध्यरो मुक्त गर्न राष्ट्रिय विधुत प्रसारणलाइन लाइ ७ वटै वडामा पुर्याउन पहल गरिने छ ।
- ✓ भाडेवगर देखि गाउँपालिकको भवन हुदै जयपृथ्वीनगर जोड्ने कच्ची सडकलाइ कालोपत्रे गर्नको लागि पहल गरिने छ ।

- ✓ जयपृथ्वीनगर-चुलीटिका –कुमडा हुँदै सुर्मा सरोवर जाने पर्यटकीय सडक मार्गको विकास तथा विस्तार गरिने छ ।
- ✓ खोरामोरा गुरेलथुम हुदै जयपृथ्वीनगर शडकको विकास तथा विस्तार गरिने छ ।

## क्षेत्रगत नीतिहरु

### १. आर्थिक विकास

- ✓ वडाहरुमा फलफुल, तरकारी तथा नर्सरी सिकाइ केन्द्र स्थापना गरी गाउँपालिका भित्र कम्तिमा एक घर एक फलफुल विरुवा लागु गर्ने र गाउँपालिकालाइ तरकारीमा आत्मनिर्भर वनाउने नीति लिइएको छ ।
- ✓ उन्नत वीउ मल र प्रविधिको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरिने नीति लिइएको छ ।
- ✓ "एकघर एक करेसावारी घरछेउ तरकारी" भन्ने नारालाई आत्मसाथ गर्दै प्रत्येक घरधुरीलाई निशुल्क मिनी किट उपलब्ध गराइने छ ।
- ✓ मौरीपालन सम्भावना भएका क्षेत्रहरुको पहिचान गरी मौरीपालन कार्यक्रम संचालन गरिने छ ।
- ✓ गाउँपालिकालाई दाल तथा गेडागुडीमा आत्मनिर्भर वनाउने कार्यक्रम संचालन गरिने छ ।
- ✓ कृषिको आधुनिकीकरण गर्नका लागि हाते ट्याक्टर, थ्रेसर लगायतका उपकरणहरु अनुदानमा वितरण गर्ने कार्यक्रम संचालन गरिने छ ।
- ✓ आलु पकेट क्षेत्रमा कृषकहरुलाई आलु उत्पादन, भण्डारण, वजारिकरण र प्रवर्द्धनमा अनुदानको व्यवस्था गरिने छ ।
- ✓ गाउँपालिका भरी मेलका वोटहरु प्रसस्त हुने भएकोले इच्छुक कृषक हरुको वारीमा भएका मेलका वोटहरुमा नास्पाती कलमी गरी घरघरमा नास्पातीका विरुवाहरु विस्तार गरिने कार्यक्रम संचालन गरिने छ ।
- ✓ माटो अनुसारको वाली लगाई कृषकहरुको उत्पादनमा वृद्धि गरी आय आर्जन गर्न प्रत्येक वर्ष माटो परीक्षण शिविरको कार्यक्रम संचालन गरिने छ ।
- ✓ वालीनालीमा लाग्ने रोग किराहरुको नियन्त्रणको लागि कार्यक्रम संचालन गरिने छ ।
- ✓ वोटविरुवाहरुमा लाग्न सक्ने फौजी किराहरुको(सलह) सम्भावित आक्रमणवाट वच्नको लागि आवश्यक औषधि लगायतका सामाग्रीहरु खरिद गर्नको लागि आवश्यक पर्ने वजेटको व्यवस्था गरिने छ ।
- ✓ गाउँपालिकाको उपयुक्त स्थानमा कपास खेती, वदाम खेती, कुरिलो र तोरीखेतिको विस्तार गरी साना उध्योगहरु स्थापना गर्न आधार तयार पार्ने नीति लिएको छ ।
- ✓ कृषिमा आधारित साना उद्योगहरुको स्थापना गरी वैदेशिक रोजगारवाट फर्कीएका युवाहरुलाई आत्मनिर्भर वनाउने कार्यक्रमरु संचालन गरिने छ ।
- ✓ माछापालन हुन सक्ने क्षेत्रहरुको पहिचान गरी कृषकहरुलाई माछापालन गर्न प्रोत्साहन गरिने छ ।
- ✓ कृतिम तथा प्राकृतिक गर्भाधानमा जोड दिइ पशुको नस्ल सुधार गर्ने र गाउँपालिकामा दुध मासु र अण्डाको उत्पादन वृद्धि गरी मासु तथा दुग्धजन्य वस्तुमा गाउँपालिकालाई आत्मनिर्भर वनाइने छ ।
- ✓ विभिन्न संक्रामक रोग विरुद्ध पशुपंक्षीहरुलाई समय समयमा खोप तथा औषधीको व्यवस्था गरी पशुपंक्षीमा देखिने रोगहरुको न्यूनिकरण गरी पशुपंक्षी जन्य उत्पादन वढाउने नीति लिइने छ ।
- ✓ विभिन्न हिउदे वहुवर्षे डाले घाँसको विकास गरी पशुपंक्षीमा हुने जोखिमको न्युनिकरण गरिने छ ।
- ✓ पशुपालन व्यवसाय विस्तार कार्यक्रम उन्नत जातका वोका, वाख्रा जस्ता व्ययवसायलाई प्राथमिकता दिइने छ ।
- ✓ पर्यटन विकासका लागि विभिन्न धार्मीक सांस्कृतिक क्षेत्रहरुको प्रचार प्रसार गरिने छ ।
- ✓ लघु तथा साना घरेलु उद्योग स्थापना तथा संचालनार्थ दर्ता प्रक्रिया सहज गरी अनुदान उपलब्ध गराइने व्यवस्था मिलाइने छ ।

- ✓ गाउँपालिका भित्र उपलब्ध खनिज पदार्थ तथा खानीको खोज अनुसन्धान गरी उत्खननलाई प्राथमिकता दिइने नीति लिएको छ ।
- ✓ स्वच्छ व्यक्ति स्वच्छ आहर, आयुर्वेद जीवनको आधार मानी जडीवुटीको उत्पादन वृद्धि गरी आयआर्जन वढाउने नीति लिएको छ ।
- ✓ सहकारीको मुल्य मान्यता अनुरुप आपसमा सहकार्य तथा आयआर्जन गरी गरिवी न्युनिकरण गर्न गाउँपालिकाले आवश्यक नीति तथा कानुन वनाइ कार्यान्वयन गरिने छ ।
- ✓ प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको क्षेत्र विस्तार गरी पकेटलाइ व्लक, ब्लकलाइ जोनमा परिणत गर्न व्यवसायिक उत्पादन र व्यवसायीकरणमा विशेष अनुदानको व्यवस्था गरिने छ ।
- ✓ संघीय सरकार वाट प्रधान मन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा आए संगै यस गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सहयोग पुग्ने गरी वजेट विनियोजन गर्ने नीति लिएको छ ।
- ✓ युवा लक्षित कार्यक्रमलाइ विशेष जोड दिइने छ ।
- ✓ कृषि व्यवसायमा संलग्न उत्कृष्ट कृषकरु छनौट गरी समयानुकुल तालिम, भ्रमणको अवसर प्रदान गर्ने र पुरुस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- ✓ सम्भावित क्षेत्रको पहिचान गरी गाउँपालिकामा एउटा कृषि पकेट क्षेत्रको विकास गरिने छ ।
- ✓ अल्लो भाग्रो प्रसस्त उत्पादन हुने वडाहरुमा अल्लो भाग्रो प्रशोधन केन्द्रको स्थापना गरी घरेलु उत्पादनलाई प्रोत्साहन गरेर रोजगारीमा वृद्धि गर्ने नीति लिएको छ ।

## २. सामाजिक विकास

- ✓ गाउँपालिकामा कोरोना नियन्त्रण तथा रोकथाम गर्नको लागि ३५-४० सैया सम्मको आइसोलेसन बेडको स्थापना गरिने छ ।
- ✓ कोरोना संक्रमणलाई थप विस्तार हुन नदिनका लागि आवश्यक पर्न सक्ने औषधि उपकरण तथा उपचार सामाग्रीहरुको कमि हुन नदिने व्यवस्था गरिने छ ।
- ✓ स्थापना भएका क्वारेन्टिनहरुलाइ अझै व्यवस्थित र विस्तार गरिने छ ।
- ✓ स्वास्थ्य प्रयोगशालाहरुको विस्तार र सेवामा नियमितता दिइने छ ।
- ✓ कोरोनाको संक्रमणवाट वच्नको लागि कोरोना सम्वन्धी विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ कोरोना नियन्त्रणको लागि खटिएका स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई काममा खटिएको अवधिको आवश्यक प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
- ✓ वालविवाह न्युनिकरण गर्न "विहेवारी २० वर्ष पारी" अभियानका लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ समाजमा विकृति र विसंगितको रुपमा रहेका कुप्रथाहरुलाई न्युनिकरण गर्नको लागि विभिन्न सचेतनामुलक कार्यक्रमहरुको संचालन गरी छविसपाथिभेरा गाउँपालिकालाई छाउपडी गोठ मुक्त गाउँपालिका घोषणा गरिने नीतिलाइ निरन्तरता दिइएको छ ।
- ✓ परिवार नियोजनसेवाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गरी परिवार नियोजनका साधनहरु सर्वसुलभ गराई सोको प्रयोगदर वढाइने छ ।
- ✓ कोटचौघानपाट, जयपृथ्वीनगर, मटेला र लेकगाउँ स्वास्थ्य चौकीमा आवश्यकता र विरामीको अवस्था हेरी स्थायी वध्याकरण शिविर, आखा शिविर, दन्त शिविर र महिलाहरुको आङ खस्ने जस्ता रोगहरुको न्युनिकरण गर्न शिवरहरु संचालनको लागि पहल गरिने छ ।
- ✓ यस वर्ष निर्माण कार्य सम्पन्न भएका २ वटा आधारभुत स्वास्थ्य इकाइ केन्द्रहरुको लागि आवश्यक जनशक्ति व्यवस्थापन गरी जनताको पहुँच हुने गरी सेवा संचालनमा ल्याइने छ ।
- ✓ सेवालाइ सवैको पहुँचमा पुर्याउनको लागि गाउँपालिकामा एम्वुलेन्सको व्यवस्था गरिने छ ।

- ✓ संस्थागत सुत्केरी, मातृ मृत्युदर मुक्त गाउँपालिका वनाउनको लागि स्वास्थ्य संस्थामा सुतकेरी तथा गर्भवती सम्मान कार्यक्रम, ग्रामिण अल्ट्रासाउण्ड, कम्तिमा सवै स्वास्थ्य चौकीमा एक पटक संचालन गरिने छ ।
- ✓ स्वास्थ्य संस्थावाट प्रदान गरिने सेवाहरु नि:शुल्क गरिने छ ।
- ✓ प्रत्येक सामुदायिक स्वास्थ्य इकाइ केन्द्र र आधारभुत स्वास्थ्य केन्द्रको स्तर समान गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।
- ✓ स्वास्थ्य संस्थामा औषधिको अभाव हुन नदिनको लागि औषधि खरिद गर्न आवश्यक रकमको व्यवस्था गरिने छ ।
- ✓ कोटचौघानपाटा स्वास्थ्य चौकीमा डिफ्रिज सोलारको व्यवस्थापन गर्न पहल गरिने छ ।
- ✓ गर्भवती तथा सुत्केरीलाई पोषण सहित आवश्यक सम्पूर्ण सेवा निशुल्क र सहज ढंगले उपलब्ध गराइने छ ।
- ✓ यस गाउँपालिकाको प्रत्येक वडामा कम्तिमा एक "पोषण नमुना टोल" यसै आ.व.मा घोषणा गर्न सवै विषयगत शाखाहरुवाट वहुक्षेत्री पोषण योजनाको अवधारणा अनुसार एकिकृत कार्यक्रम वनाइ कार्यान्वयन गरिने छ ।
- ✓ यस आर्थिक वर्षमा पालिकाले संघीय तथा प्रदेशले तय गरका पोषणका मापडण्डहरु पुरा गरेका २ वटा वार्डलाई पोषणयुक्त वार्ड घोषणा गरी पुरस्कृत गरिने छ ।
- ✓ ५ वर्ष मुनीका कुपोषित वालवालिकाहरुको तौल तथा वृद्धि अनुगमन गरी कुपोषणको अवस्था अनुसार परामर्श पोषण कोशेली तथा उपचारको व्यवस्था गरी कुपोषणको दरलाई शुन्यमा ल्याइने छ ।
- ✓ स्वास्थ्य संस्थामा नियमित गर्भ जाच गरी स्वास्थ्य संस्थामा वच्चा जन्माउने आमाहरुलाई प्रोत्साहन वापत मातृशिशु कोशेली (न्यानो झोला, स्यानेटरी समाग्री, घीउ, ज्वानो र केही नगद) सहायता उपलब्ध गराइने छ ।
- ✓ महिला र वालवालिकाको स्वास्थ्य अभिवृद्धि गर्नमा उल्लेखनीय भुमिका निर्वाह गर्दै आउनु भएका महिला स्वयंसेविकहरुको क्षमता विकास तथा प्रोत्साहनका लागि सम्मानका कार्यक्रम संचालन गरिने छ ।
- ✓ गाउँघर क्लिनिक र खोप केन्द्रलाई अझै विस्तार गरिने छ ।
- ✓ स्वास्थ्य चौकी भवन मर्मत, स्वास्थ्य क्लिनिक संचालन, वर्थिङ सेन्टरको निर्माण गरी स्वास्थ्य सेवा पाउन वाट वन्चित नागरिकका लागि स्वास्थ्यमा सुलभ पहुँच हुने किसिमका कार्यक्रम संचालनमा ल्याइने छ ।
- ✓ मुटुरोग, मृगौला रोग, एच.आई.भी. एड्स , क्यान्सर जस्ता दिर्घ रोग लागेका व्यक्तिहरुलाई विगतमा झै दिईदै आएको आर्थिक अनुदानलाई निरन्तरता दिइएको छ ।
- ✓ जेष्ठनागरिकहरुको मनोवललाई उच्च राख्न तथा सम्मान गर्नको लागि सवै वडाहरुमा जेष्ठनागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।
- ✓ लक्षित वर्ग अपांग, महिला, दलित, वालवालिका, जेष्ठनागरिक, विपन्न, जनजाती तथा पिछडिएको वर्गको सशक्तिकरणको लागि विशेष कार्यक्रमहरु संचालनमा ल्याइने छ ।
- ✓ गाउँपालिकालाई छुवाछुत मुक्त गाउँपालिका वनाइने छ ।
- ✓ सामाजिक धार्मिक, सास्कृतिक कुरीति विरुद्धको अभियानलाइ अझै सशक्त वनाइने छ ।
- ✓ छविसपाथिभेरा गाउँपालिकालाई पूर्ण खोप मुक्त गाउँपालिका घोषणा गर्दै लैजाने नीतिलाइ अवलम्वन गरिदै लगिने छ ।

- ✓ कोरोना विरुद्ध लड्न सक्ने , मानिसको प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने खालका जडिवुटीहरुको खोज अनुसन्धान गरी सोको प्रयोगदर वढाइने छ ।
- ✓ जेष्ठनागरिकको उपचारको लागि  घरदैलो कार्यक्रम संचालन गरिने छ ।
- ✓ आयुर्वेद उपचार पद्धतिलाई निरन्तरता दिइने छ  र आयुर्वेद शाखामा औषधि आपुर्तिको व्यवस्था मिलाइने छ ।
- ✓ यस गाउँपालिकाको ७ वटै वडाहरुमा एक पटक निशुल्क आयुर्वेद स्वास्थ्य शिविर संचालन गरिने छ ।
- ✓ योग तथा प्राकृतिक उपचारको वारेमा जनचेतना मुलक कार्यक्रम तथा योग शिविरको कार्यक्रम संचालन गरिने छ ।
- ✓ स्थानीय स्तरमा पाइने जडिवुटीहरुको संकलन तथा प्रशोधन गरी औषधि निर्माण गर्ने वारे छलफल तथा अध्ययन अगाढी वढाइने छ ।
- ✓ गाउँपालिका भरी संचालनमा रहेका आधारभुत विध्यालयको अवस्थिति जनसंख्या भौगोलिक अवस्था र सामाजिक न्याय हेरी नक्सांकनका आधारमा विद्यालय समायोजन गरिने छ ।
- ✓ सवै विद्यालयहरुमा भवन, कक्षा कोठा, फर्निचर, शौचालय, पानी , पुस्तकालय र वुककर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार पुरा गरिने छ ।
- ✓ माध्यमिक तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधि मैत्री, रोजगारमुलक र उत्पादनमुखी वनाई गाउँपालिका अनुरुपको मानव संशाधन विकास गरिने छ ।
- ✓ प्रत्येक वडा र समुदायको साझेदारीमा प्रत्येक वडाको एउटा विद्यालयमा वालवलिकाहरुलाई खेल्ने र मनारंजन गर्ने सामाग्रीहरु सहितको नमुना वाल उद्यान निर्माण गरिने छ ।
- ✓ वालविकास कक्षाको अनुगमन तथा निरीक्षणको लागि तहगत संयन्त्र गर्नुको साथै सुपरिवेक्षणको व्यवस्था गरिने छ । अपांगता भएका व्यक्तिहरुको लागि नि:शुल्क शिक्षा प्रदान गर्ने नीति ल्याइने छ ।
- ✓ प्रत्येक विद्यालयमा कोरोना संक्रमणलाई मध्येनजर राखि चाडो भन्दा चाडो नेट तथा इन्टरनेट जडान गर्नको लागि प्रयास गरिने छ ।
- ✓ प्रत्येक विद्यालयको वालकक्षा र शिशु कक्षामा शैक्षिक सुधारका लागि फर्निचर, कार्पेटको व्यवस्था गर्ने र आवश्यकता अनुसार भिडियो कक्षा समेत संचालन गरिने छ ।
- ✓ कक्षा १ र २ मा पढ्ने वालवालिकाको शैक्षिक सुधारलाई ध्यानमा राखेर प्रत्येक विद्यालयमा आमा समूह गठन गरी प्रत्येक महिनाको १ पटक आमा समूहको वैठक वसाली शैक्षिक सुधारको अवधारणा विद्यालय देखि घर सम्म पुर्याउन सहयोग गरिने छ ।
- ✓ प्रत्येक विद्यालयमा कक्षा १ र २ का वालवालिकाहरुको शैक्षिक तथा शाररिक अवस्थालाई ध्यानमा राखि विद्यालयमा १ र २ का वालवालिकाहरुलाई आराम गर्ने कोठाको व्यवस्थापन गरिने छ ।
- ✓ **Covid-19** लाई मध्येनजर गरी छ.पा.गा.पा. भित्र आफ्नै समूहमा मात्र रहेका विद्यालयहरुलाई वाहिरीको समाजवाट पृथक राखी पठनपाठनको व्यवस्था मलाइने छ ।
- ✓ सामुदायिक विध्यालयहरुमा महिनावारी स्वच्छता तथा सरसफाइका लागि सेनेटरी प्याड निर्माण गर्ने सीप सिकाइ छात्राहरुलाई आत्मसुरक्षित वनाउने र नि:शुल्क सेनेटरी प्याड वितरण गर्ने व्यवस्था मिलाइने छ ।
- ✓ स्थानीय तहद्धारा आफ्नो स्थानको मातृभाषा, लिपी, साहित्य एंव संस्कृतिक संरक्षणको विकास गरी सो भाषाको पठनपाठन गर्न सक्ने व्यवस्था मिलाइने छ ।
- ✓ आवश्यकताको आधारमा तालिम नलिएका शिक्षकहरुलाई तालिमको व्यवस्था गरिने र स्वंयसेवक शिक्षकको व्यवस्था गरिने छ ।

- ✓ गाउँपालिका भित्र निरक्षर रहेका नागरिकहरुलाई विभिन्न विधि तथा क्रियाकलाप मार्फत साक्षर वनाइ आगामी आर्थिक वर्ष भित्र गाउँपालिकालाइ साक्षर गाउँपालिका घोषणा गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।
- ✓ खेलको विकासको लागि आवश्यक खेल मैदान र अन्य पूर्वाधारहरुको विकास गर्न आवश्यक पहल गरिनुको साथै गाउँपालिकावाट शाररिक तथा बौदिक परिक्षण हुने खालको आवश्यक खेल सम्वन्धी नीति वनाइ प्रतिस्पर्धात्मक खेलाडीको विकास गरिने छ ।
- ✓ कार्यसम्पादनका आधारमा प्रत्येक वर्ष उत्कृष्ठ शिक्षक छनौट गरी Best teacher of the year घोषणा गरिने छ ।
- ✓ पोषण कार्यक्रमलाई सक्रियता पूर्वक संचालन गर्न वहुक्षेत्रीय पोषण योजना अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।
- ✓ खानेपानी सरसफाइ तथा स्वच्छता र जीविको पार्जन सुधार तर्फ "गुणस्तरीय र दिगो खानेपानीको आवश्यकता, पूर्ण सरसफाइ छाउगोठ मुक्ता स्वच्छता छविसपाथिभेराको प्रतिवद्धता" भन्ने नारालाई ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना मार्फत कार्यान्वियन गरी उपलब्धी हासिल गरिने छ ।
- ✓ मदिरा उत्पादन र उपभोगमा नियन्त्रण गरिने छ  र विक्रि वितरणमा पनि निश्चिच मापडण्ड अवलम्वन गरिने छ ।

## ३. पूर्वाधार विकास

- ✓ गाउँपालिकाको विगत देखि क्रमागत रुपमा रहेका सडक खण्डलाई निरन्तरता दिदै सडकको स्तरोन्नति गर्नुको साथै गाउँपालिका भित्र सडक नपुगेका प्रत्येक वस्तीहरुमा सडक पुर्याइ यातायातमा सहजता ल्याउने नीति लिएको छ ।
- ✓ गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न शाखा सडकहरुलाई फराकिलो वनाउने तथा मर्मत सम्भार गर्न आवश्यक वजेटको व्यवस्था गरीनेछ ।
- ✓ अधुरा रहेका योजनाहरुलाई सम्पन्न गर्न आवश्यक  वजेटको व्यवस्था गरिने छ ।
- ✓ गाउँपालिका क्षेत्र भित्र २५ सैयाको स्रोत साधन सम्पन्न अस्पताल निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- ✓ खानेपानीको दिगो व्यवस्थापनको लागि गाउँपालिकाले लिएको एक घर एक धारा नीतिलाई ७ वटै वडामा लागु गरिने छ ।
- ✓ कृषि योग्य भुमीमा सिंचाइ, कुलो निर्माण तथा मर्मत संभार गरी कृषिको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न जोड दिइने छ ।
- ✓ गाउँपालिका भवन र वडा कार्यालयहरुको भवन निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- ✓ सवै वस्तीमा खानेपानीको सुविधा पुर्याइने र ढल निकासको व्यवस्था गरिनेछ ।
- ✓ उपयुक्त स्थानमा एउटा आधुनिक र व्यवस्थित पशु वथशाला संचालनमा ल्याइने नीति लिएको छ ।
- ✓ सवै किसिमका सार्वजनिक पूर्वाधारहरु वालमैत्री, लैंगिक मैत्री, अपांगमैत्री र वातावरणमैत्री मापडण्डका आधारमा मात्र निर्माण गरिने नीति लिएको छ ।
- ✓ सडकको छेउछाउमा वृक्षारोपण गर्ने नीति अवलम्वन गरिने छ ।
- ✓ वैकल्पिक उर्जाका विभिन्न प्रविधिहरुको प्रयोग र विस्तारमा जोड दिइने छ ।
- ✓ भवन संहिता, नक्सापास र भवन निर्माण गर्ने प्रविधिको विकास गरिने छ ।
- ✓ स्थानीय भाषामा प्रकासित पत्रपत्रिका र संचालित एफ.एम रेडियोहरुलाई प्रोत्साहन गरिने नीति अवलम्वन गरिने छ ।

- ✓ गौरवका आयोजनाहरुलाई थप प्राभावकारी रुपमा संचालन गरिने छ ।
- ✓ गाउँपालिकामा संचालित लघु तथा साना जलविधुत आयोजनाहरुको मर्मत संभार तथा संरक्षण गर्ने नीति लिइएको छ ।
- ✓ गाउँपालिका क्षेत्र भित्र पर्यटनको पहुँच पुर्याउन यस क्षेत्र भित्र रहेका पर्यटकिय स्थल, धार्मिक तथा सांस्कृतिक स्थल, मठमन्दिर निर्माण गर्ने तथा संरक्षणको लागि आवश्यक पहल गरिने छ ।
- ✓ नेपाल सरकारको आगामी तीनवर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समता मूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- ✓ गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।
- ✓ महिला तथा किशोरीहरुको आत्म सम्मानको रक्षागर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्म सम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- ✓ नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८० भित्र गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता

महामारी र पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

- ✓ समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु ५ लाख भन्दामाथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।
- ✓ स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहजआपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर,एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्रतथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।
- ✓ खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## ४. वन वातावरण तथा विपद व्यवस्थापन

- ✓ वाढीपहिरो भु-क्षय तथा महत्वपूर्ण जडीवुटीको संरक्षण गर्न छाडा चरन, जथाभावी फडानी, वन अतिक्रमण जस्ता क्रियाकलापहरु रोकी वनजंगल संरक्षण र सम्वर्द्धन गर्न वनजंगलको घेरवार तथा संरक्षण गर्दै लगिने छ ।
- ✓ विपद जोखिम क्षेत्र र वस्तीहरुको संकटासन्नताको पहिचान र नंक्सांकन गरिने छ ।
- ✓ प्रत्येक वडामा एक नर्सरी स्थापना गरी सार्वजनिक क्षेत्रमा २ वर्ष भित्र वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गरिने छ ।
- ✓ असुरक्षित र अव्यवस्थित वस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्तानान्तरण र व्यवस्थापन गर्दै लगिने छ ।
- ✓ यस गाउँपालिका क्षेत्र भित्र वासोवास गर्ने भुमिहिन सुकुमवासीहरुको लगत तयार गरी तिनीहरुको उचित व्यवस्थापन गर्ने तर्फ पहल गरिने छ ।
- ✓ हरेक वस्तीमा फोहरमैलाको उचित व्यवस्थापन गरिने छ ।
- ✓ पानीका मुहानहरुको अभिलेख राखि सो स्रोतको दिगो संरक्षण गरिने छ ।

- ✓ वातावरण तथा सरसफाइ कार्यक्रम संचालन गरी वातावरण तथा जलवायु परिवर्तन वारे जनचेतना अभिवृद्धि गराइने छ ।
- ✓ भु-क्षय भएका स्थानहरुमा स्थानीय जनताको सहकार्यमा वृक्षारोपण गर्ने र सो को संरक्षण गरिने छ ।
- ✓ भू-क्षय तथा जलउत्पन्न प्रकोपवाट हुन सक्ने क्षतीलाई न्युनिकरण गर्न आवश्यक तटवन्धनको व्यवस्था गरिने छ ।
- ✓ सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा विपद जोखिम न्युनिकरणका उपायहरु अवलम्वन गरी विकास र विपद व्यवस्थापनलाई एकिकृत ढंगले अगाडि वढाइने छ ।
- ✓ सामुदायिक वन पैदावरको उत्पादन, उपभोग, प्रशोधन विषयमा अध्ययन गरी वन स्रोतमा आधारित व्यवसाय मुलक र उद्यम मुलक वन वनाउन प्रोत्साहन गरिने छ ।
- ✓ विपद व्यवस्थापनको लागि आवश्यक खाद्यान्न, लत्ता कपडा, अन्य आवश्यक सामाग्रीहरुको भण्डारण गर्ने कार्यलाई प्राथमिकता दिइ कार्यान्वयन गरिने छ ।
- ✓ प्रत्येक वडामा विपद पूर्व, विपद कालिन र विपद पछिका कार्य व्यवस्थापन गर्न विपद व्यवस्थापन कोषलाइ निरन्तरता दिइने छ र यस क्षेत्र भित्रका नागरिकहरुलाई रोगको महामारीवाट वचाउन तथा रोगको रोगथाम गर्ने कार्यको लागि एक प्रकोप व्यवस्थापन कोषको स्थापना गरि वजेट विनियोजन गरिने छ ।

## ५. सुशासन तथा संस्थागत विकास

- ✓ गाउँपालिका भित्र रहेका सम्पूर्ण सरकारी कार्यालयहरुमा संचार, इन्टरनेट सुविधा, टावर र सर्वर जस्ता उपकरण जडानको लागि पहल गरिने छ ।
- ✓ कार्यालयमा सफ्टवयर मार्फत काम हुने सफ्टवयर जडान गरिने छ ।
- ✓ गाउँपालिकाको कार्यालय, प्रहरी चौकी र इन्टरनेटको टावरमा CC.TV क्यामेरा जडान गरिने छ ।
- ✓ कार्यालयको कामकाजलाई मध्यनजर गर्दै सूचनाको पहुँचलाई जनता सामु सजिलै पुर्याउन Digital Notice Board र Group SMS System Software जडान गरिने नीति लिइने छ ।
- ✓ ठेक्का पट्टाको कार्यलाइ प्रतिशप्रधी वनाउन E-bidding को प्रयोगलाई प्राथमिकता दिइने छ ।
- ✓ गाउँपालिका भित्र रहेका सम्पूर्ण सरकारी कार्यालयहरुमा विधुतिय हाजिरीको व्यवस्था गरी सार्वजनिक सेवालाइ थप प्रभावकारी वनाइने छ ।
- ✓ गाउँपालिका र वडा कार्यालयमा हेल्प डेस्क, सोधपुछ कक्ष, विधुतिय नागरिक वडा पत्रको व्यवस्था गरी सार्वजनिक सेवालाई प्राभावकारी वनाउनुका साथै भए गरेका कार्यहरु नागरिक समक्ष मोवाइल एप्स वाट सूचनाको सहज पहुँचको व्यवस्था गरिने छ ।
- ✓ गाउँपालिकामा लागु भएका सम्पुर्ण गैरसरकारी संघ-संस्थाहरुसँग विकासका लागि आवश्यक समन्वय र सहकार्य गर्ने नीति लिइएको छ ।
- ✓ सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण र सामाजिक परिक्षणलाई पारदर्शी वनाइ सुशासन प्रवर्द्धनमा जोड दिइने छ ।
- ✓ रु ३ लाख भन्दा वढीका आयोजना , कार्यक्रम कार्यान्वयन गर्दा स्पस्ट रुपमा देखिने गरि सूचना पाटी राख्ने व्यवस्थालाइ कडाइका साथ लागु गरिने छ ।
- ✓ मुख्य तथा शाखा शडकको मुआब्जा पाइसकेको जग्गामा स्थापना गरेका घर टहरालाई गाउँपालिकाको करको दायरामा ल्याइने छ ।
- ✓ वेरुजुको लगत राखि वेरुजु फछर्यौट गर्ने कार्यलाइ प्राथमिकता दिइने छ ।

- ✓ नागरिक असन्तुष्टि सर्वेक्षण फारामको विकास गरी प्रत्येक वडा र गाउँपालिकामा समेत सेवाग्राहीको प्रतिक्रिया वुझि सेवा प्रवाहलाई अझ छिटो छरितो र प्रभावकारी वनाइने छ ।
- ✓ स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रस्टाचार मुक्त जनउत्तरदायी र सहभागिता मुलक वनाइदै स्थानीय तहवाट प्रदान गरिने सेवा सुविधामा जनताको समान, सरल र सहज पहुँच सुनिश्चित हुने गरी सुशासनको प्रत्याभुति गराइने छ ।
- ✓ छविसपाथिभेरा गाउँपालिका भित्र संचालन भएका र हुने होटेल, रेष्टुरेन्ट लगायतका सवै प्रकारका खुद्रा पसले हरुले अनिवार्य रुपमा आफ्नो व्यापार व्यवसाय गाउँपालिकामा दर्ता गरी उपभोक्ता मुल्य सूची अनिवार्य रुपमा राख्न लगाइ उपभोक्ताहरुको हित संरक्षण गर्ने नीति लिइएको छ ।
- ✓ उपभोक्ता मुल्य सूची नराखि विक्रि वितरण गर्ने कार्यलाइ निरुतसाहित गर्दै लगिने छ र वजार अनुगमनको कार्यलाइ कडाइका साथ लागु गरिने छ ।
- ✓ ईस्टीमेट अनुसार तोकिएको समय अवधि अगावै गुणस्तरीय विकास निर्माणको काम गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिका अध्यक्षहरुको मनोवल उच्च राख्न तथा काम प्रति प्रोत्साहित गरी पुरस्कृत गर्न अति आवश्यक भएको हुँदा तोकिएको समय अवधि भन्दा एक महिना अगावै ईस्टीमेट अनुसारको गुणस्तर कायम गरी विकास निर्माणको काम सम्पन्न गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिका अध्यक्षहरुलाई अनुगमन समितिको वहुमतको सिफारिसमा आ.व.को अन्त्यमा प्रमाण पत्र सहित उचित सम्मान र पुरस्कृत गर्ने नीतिको अवलम्वन गरिने छ ।
- ✓ इमान्दार, कर्तव्यनिष्ठ, लगनशिल, अनुशासित भइ कार्यालयको कामकाजमा अविछिन्न रुपमा खटिई रहने गाउँपालिका भरीका कर्मचारीहरु मध्येवाट कार्य सम्पादनको आधारमा (तोकिएको सुचकांकमा सवै भन्दा वढी अंक प्राप्त गर्ने) उत्कृष्ठ कर्मचारीहरुको छनौट गरी आ.व. को अन्त्यमा प्रमाणपत्र सहित उचित सम्मान र पुरस्कृत गर्ने नीति कार्यान्वयनमा ल्याइने छ ।
- ✓ गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरुलाई अध्ययन, अवलोकन भ्रमण तथा तालिम उपलब्ध गराइ क्षमता विकास गरिने छ ।
- ✓ न्यायिक समितिलाई सक्षम र सवल वनाउन क्षमता विकास मुलक कार्यक्रम संचालन गरिने छ र न्यायिक समितिलाई स्रोत साधन सम्पन्न वनाइने छ ।
- ✓ यस गाउँपालिकाको कार्यालयमा दरवन्दी अनुसार सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्य दक्षता लगनशिलता, क्रियाशिलताको कार्यशैली हेरी पूनरावलोकन गरी उपलब्ध स्रोत साधन, औचित्य र आवश्यकताको आधारमा करार सम्झौता नविवरकण गरिने छ ।
- ✓ गाउँपालिका भित्र स्रोतको पहिचान गरी गाउँपालिकावाट लिइने कर, राजस्व, शुल्क आदिलाई व्यवस्थित र नियमन गरिने छ ।
- ✓ प्रगतिशिल र न्यायिक कर प्रणालीका आधारमा करको दायरा विस्तार गरिने छ ।

## अध्यक्ष महोदय,

अव म यस गाउंपालिकाको आगमी आर्थिक वर्ष ०७७।७८ को प्राप्त वजेट सिलिङ तथा गाउँपालिकाको अनुमानित आन्तरिक आम्दानीको आधारमा वार्षिक वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस गाउंपालिकाले आर्थिक वर्ष ०७७।०७८ को नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नको लागि रु ५३ करोड ७१ लाख ७६ हजारको वजेट प्रस्तावित गरिएको छ ।

- **जस अन्तर्गत राजश्व तर्फ** : केन्द्र सरकारवाट रु ६ करोड ५२ लाख, प्रदेश सरकार वाट ८ लाख ८९ हजार र आन्तरिक आम्दानी तर्फ रु १५ लाख गरी जम्मा ६ करोड ७५ लाख ८९ हजार रकम प्रस्तावित गरिएका छ ।
- **नेपाल सरकार अनुदान तर्फ :** वित्तिय समानिकरण अनुदान अन्तर्गत नेपाल सरकारवाट प्राप्त अनुदान रु १० करोड २६ लाख, प्रदेश सरकारवाट ६९ लाख ८७ हजार र शर्सत अनुदान तर्फ नेपाल सरकारवाट प्राप्त रु २५ करोड ३० लाख, विशेष अनुदान केन्द्रवाट ६० लाख, प्रदेश वाट ४५ लाख, सम्पुरक अनुदान केन्द्रवाट १ करोड, प्रदेशवाट रु ८० लाख, प्रधानमन्त्री स्वरोजगार कार्यक्रमवाट रु ६० लाख, राष्ट्रिय परिचय पत्र वितरण तथा पन्जिकरण विभागवाट रु १५ लाख, वहुक्षेत्रीय पोषण कार्यक्रमवाट रु १० लाख अन्य संघ संस्थावाट रु ५० लाख र समाजिक सुरक्षा कार्यक्रमवाट रु ६ करोड ५० लाख रकम गरी जम्मा रु ४६ करोड ९५ लाख ८७ हजार प्रस्तावित गरिएको छ ।

समानिकरण तर्फको वजेट मध्ये आर्थिक विकास मा २२ प्रतिशत, सामाजिक विकासमा ४५ प्रतिशत, पूर्वाधार विकासमा १८ प्रतिशत, वातावरण तथा विपद व्यवस्थापनमा ८ प्रतिशत र सुसान तथा संस्थागत विकासमा ७ प्रतिशत क्षेत्रगत वजेट सिमा निर्धारण गरिएको छ ।

अन्तमा यस छैटौँ गाउँसभामा आफ्नो उल्लेख्य सहभागिता जनाउनु भएका प्रमुख अतिथि, विशिष्ट अतिथि, गाउँसभा सदस्य, पत्रकार मित्र, मेरा सहयोगी हातहरु, कर्मचारी लगायत सम्पूर्ण उपस्थित महानुभावहरुलाई धन्यवाद प्रकट गर्न चाहन्छु । साथै हाम्रो छविस पाथिभेरागाउँपालिकामा आर्थिक समृद्धि हासिल गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन हुने क्रियाकलापहरु सञ्चालन गरिनेछ । र यस गाउँपालिकाको समृद्धिको लागि र कोरोना नियन्त्रणका लागि हामी सबै जुटौं भन्ने हार्दिक आव्हान गर्दै सार्वभौम सत्ता सम्पन्न सम्पूर्ण जनताको बान्नी मष्टा, थलीदुर्गा र कोट भैरव देवताले सबैको रक्षा गरुन ।

**धन्यवाद**